# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर
२०७३
कोशी प्रदेश , नेपाल

प. सं. २०८०/०८१
च.नं. ५६८ (आर्थिक विकास,सहकारी प्रवर्द्धन तथा उद्यम विकास इकाई)

मिति :२०८०।०८।१३

**विषयः सहकारी क्षेत्र सुधार सुझाव कार्यदल,२०८० को सुझाव कार्यन्वयन सम्वन्धमा ।**

श्री सहकारी संस्थाहरु सवै
बेलका नगरपालिका ,उदयपुर

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१९८ मिति २०८०/०८/०६ र भूमी व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं.३९१ मिति २०८०/०७/२४ को पत्रानुसार यस नियामक निकायको क्षेत्राधिकार भित्र पर्ने सवै सहकारी संस्थाहरुले **सहकारी क्षेत्र सुधार सुझाव कार्यदल,२०८० को सुझाव कार्यन्वयनार्थ** सहकारी विभागवाट जारी निर्देशन वमोजिम निम्न लिखित कार्यहरु गर्नु/गराउनु हुन अनुरोध छ ।

निम्नः

**१. स्वेतपत्र जारी गर्नेः** यस नियमन निकायको क्षेत्राधिकार भित्र दर्ता कायम रहेका सहकारी संस्थाहरुले २०८० मंसीर मसान्तभित्रको पूँजी तथा दायित्व,लगानी तथा सम्पति लगायतका वित्तिय विवरणहरु समेटिएको स्वेतपत्र जारी गरि यस नियामक निकायमा ७ दिन भित्र पेश गर्ने ।

**२. वचत फिर्ता कार्ययोजना निर्माण गर्नेः** सहकारी संस्थामा आवद्ध शेयर सदस्यहरुको २०८० चैत्र मसान्त सम्मको वचत फिर्ताको माग विवरण अध्यावधिक गरी सोही अनुरुप वचत फिर्ता गर्ने कार्ययोजना वनाई २०८१ वैशाख पहिलो हप्ता भित्रमा यस कार्यालयमा पेश गर्ने ।

**३. सञ्चालक समिति/लेखा सुपरिवेक्षण समिति र व्यवस्थापकको सम्पति विवरण पेश गर्नेः** बेलका नगरपालिका कार्यक्षेत्र कायम गरी दर्ता भएका सवै सहकारी संस्थाहरुले सञ्चालक समिति/लेखा सुपरिवेक्षण समिति र व्यवस्थापकको सम्पति विवरण अध्यावधिक गरी यस कार्यालयमा मंसिर मसान्त भित्रमा पेश गर्ने ।

**४. कोपोमिस प्रणालीमा विवरण प्रविष्टि गर्नेः** सहकारी विभागद्वारा सञ्चालित कोपोमिस प्रणालीमा नियमित कोपोमिस प्रणालीले माग गरेका विवरणहरु अध्यवधिक गर्ने/गराउने ।

**५. कार्यवाही हुनेः** उल्लेखित विवरणका कार्यहरु नगर्ने सहकारी संस्थाहरुलाई बेलका नगरपालिकाको सहकारी ऐन २०७५ को दफा ८१ वमोजिम प्रतिकुल भएको मानि जरिवाना तथा कार्यवाही हुनेछ ।

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 977-035-430111, 430112, 430113, 430117,430116,9852835479

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत